प्रदेश सरकार

## सामाजिक विकास मन्त्रालय

प्रदेश नं. १, विराटनगर

## लैङ्गिक अभियान सञ्चालन साझेदारीका लागि सामाजिक विकास संस्थाहरूसँग प्रस्ताव आह्वान गरिएको सूचना

*प्रकाशित मिति २०७९/०९/१२*

विभिन्न किसिमका जनचेतनामूलक अभियानको माध्यमबाट लैङ्गिक विभेदको अन्त्य गर्न तथा स्वरोजगारमूलक कार्यको प्रवर्धनद्वारा लैङ्गिक समानता कायम गर्न प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, प्रदेश नं. १, विराटनगरद्वारा जारी गरिएको "सामाजिक विकास संस्थाहरूसँगको साझेदारितामा लैङ्गिक अभियान तथा स्वरोजगारमूलक कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७९" बमोजिम प्रदेश नं. १ मा कार्यरत सामाजिक विकास संस्था (गैसस) को समेत लगानी तथा साझेदारीमा प्रदेश नं. १ का विभिन्न जिल्लाहरूमा सञ्चालन गरिने ***लैङ्गिक तथा जनचेतनामूलक अभियान*** सञ्चालनमा साझेदारी गर्न इच्छुक देहाय बमोजिमको शर्तहरुको अधीनमा रही योग्यता पुगेका प्रदेश नं. १ मा कार्यरत लैङ्गिक सशक्तीकरण तथा महिला हिंसा विरूद्ध क्रियाशील सामाजिक विकास संस्था (गैसस) हरुलाई १५ दिनभित्र आवश्यक कागजात संलग्न गरी प्रस्ताव पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. प्रदेश नं. १ का सबै जिल्लाहरूमा यो अभियान सञ्चालन हुनेछ।

२. कार्यक्रमका लागि स्वीकृत भएको प्रस्ताव बमोजिम दुईभन्दा बढी सामाजिक विकास संस्था (गैसस) हरू छनौट हुनेछन्।

३. सामाजिक विकास संस्था (गैसस) हरूले एउटा कार्यक्रमको लागि बढिमा दुई लाख रूपैयाँसम्मको खर्च रकम प्रस्ताव गर्नुपर्नेछ। एक संस्थाले एउटा मात्र प्रस्ताव पेश गर्नुपर्नेछ। यसरी पेश भएको प्रस्तावमा उल्लिखित रकममध्ये मन्त्रालयबाट स्वीकृत गरिएको बजेट रकमको कम्तिमा बिस प्रतिशत रकम संस्था (गैसस) ले व्यहोर्नुपर्नेछ।

४. पेश भएका प्रस्तावहरू मध्ये घरेलु तथा लैङ्गिक हिंसा, बालविवाह, बहुविवाह, मानव बेचबिखन तथा ओसारपसार, बोक्सी प्रथा लगायतका महिला र बालबालिकाविरूद्धका सामाजिक कुरीतिको अन्त्य गर्ने तथा मन्त्रालयबाट तय गरिएका नीति तथा कार्यक्रम कार्यान्वयनमा सहायता पुग्ने खालका प्रस्तावलाई छनोटका लागि प्राथमिकता दिइनेछ ।

५. अभियान सञ्चालनका लागि स्वीकृत गरिएका सामाजिक विकास संस्था (गैसस) हरूले लैङ्गिक विभेद अन्त्य गर्ने उद्देश्य राखी सोही किसिमका विषयवस्तुहरू समावेश गरी विभिन्न किसिमका तालिम, गोष्ठी, प्रभातफेरी, रेडियो जिङ्गल प्रशारण, सडक नाटक मञ्चन लगायतका कार्यहरू गरी सचेतानमूलक

अभियान सञ्चालन गर्नु पर्नेछ। अभियान सञ्चालनका क्रममा गरिने प्रस्तावित क्रियाकलापहरूलाई समेत प्रस्तावमा उल्लेख गर्नुपर्नेछ।

६. प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, प्रदेश नं. १, विराटनगरद्वारा जारी गरिएको "सामाजिक विकास संस्थाहरूसँगको साझेदारितामा लैङ्गिक अभियान तथा स्वरोजगारमूलक कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७९" मा उल्लिखित लैङ्गिक अभियानसम्बद्ध सम्पूर्ण क्रियाकलाप, अङ्ग तथा शर्तहरु बमोजिम कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। उक्त मार्गदर्शन सामाजिक विकास मन्त्रालयको वेवसाइट **mosd.p1.gov.np** मा राखिएको छ।

७. संस्था छनौटको मापदण्ड देहाय बमोजिम हुनेछः-
   (क) लैङ्गिक विकास तथा सशक्तीकरणको उद्देश्य राखी स्थापना भएको,
   (ख) प्रदेश नं. १ मा कार्यक्षेत्र भएको,
   (ग) कम्तिमा पाँच वर्षको अनुभव भएको,
   (घ) कार्य समितिमा कम्तिमा पचास प्रतिशत महिलाको प्रतिनिधित्व भएको,
   (ङ) प्रदेश कानून बमोजिम मन्त्रालयमा सूचीकृत भएको ।

आवश्यक कागजातहरु:

१. संस्था दर्ता तथा नवीकरणको प्रमाणित प्रतिलिपि,
२. स्थायी लेखा नं. (PAN) मा दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
३. गत आ.व. सम्मको करचुक्ता भएको वा करछुटको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
४. गत आ.व. को लेखा परीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि,
५. प्रदेश नं. १, सामाजिक विकास मन्त्रालयमा सूचिकृत भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
६. संस्थाको वर्तमान कार्य समितिको विवरण सम्बन्धी कागजातको प्रमाणित प्रतिलिपि,
७. कार्यक्रमका लागि मन्त्रालयसमक्ष प्रस्ताव पेश गर्ने सम्बन्धमा संस्थाको कार्य समितिले गरेको निर्णयको प्रमाणित प्रतिलिपि,
८. प्रस्ताव पेश गरेको सम्बन्धमा संस्थाको लेटर प्याडमा लेखिएको पत्र,
९. संस्थाको बैंक खाता सम्बन्धी विवरण र चेकको प्रतिलिपि ।